# कटारी नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः०६** **संख्याः०६** **मितिः२०७९/०५/२८**

### कटारी नगरपालिका साना सवारी दर्ता, नवीकरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७९

**नगर सभाबाट स्वीकृत मिति :२०७९ / ०५ / २८**

**प्रस्तवनाः**

कटारी नगरपालिकामा साना सवारी दर्ता, नवीकरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि-२०७९ कटारी नगरपालिका क्षेत्रभित्र सवारी साधनको प्रयोगलाई व्यवस्थित गर्दै सवारी साधनको दर्ता तथा नविकरणबाट नगरपालिकाको आय प्रवर्धन गर्न साथै नगरपालिका क्षेत्रभित्र सवारी साधानको व्यवसायीकरण स्वस्थ एवंम् मर्यादित बनाउन बान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गर्दै कटारी नगर कार्यपालिकाले यस कार्यविधि पारित गरि लागु गरेको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

**१.संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम : **"कटारी नगरपालिका साना सवारीसाधन दर्ता , नवीकरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७९"** रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागु हुने छ ।



प्रमुख प्रशासकीय अधिकृत

२. परिभाषा र व्याख्या :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा , यस कार्यविधि

(क) **"नगरपालिका"** भन्नाले कटारी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख)**"नगर कार्यपालिका"** भन्नाले कटारी नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) **"प्रमुख"** भन्नाले यस कटारी नगरपालिको प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) **"उपप्रमुख"** भन्नाले यस कटारी नगरपालिको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) **"कार्यपालिका सदस्य "** भन्नाले यस कटारी नगर कार्यपालिकाको सदस्यलाई सम्झनु पर्दछ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत "** भन्नाले यस कटारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) **"सवारी दर्ता"** भन्नाले नेपाल सरकार वा प्रदेश सरकार मातहतका निकायमा दर्ता भई यस नगरपालिका क्षेत्र भित्र प्रयोगमा ल्याएका साना सवारी साधनलाई कुनै व्यक्ति , संस्था वा व्यवसायी द्धारा यस कार्यालयमा अभिलेखकिरण गर्ने कार्यलाई बुझाउनु पर्दछ ।

(ज) **"दर्ता अधिकारी"** भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी सम्झनु पर्दछ ।

(झ) **" क्षेत्र भन्नाले "** कटारी नगरपालिका क्षेत्र सम्झनु पर्दछ ।

(ञ) **" विशेष क्षेत्र "** भन्नाले नगरपालिकाको क्षेत्र कटारी बझ्नु पर्दछ ।

(ट) **"साना सवारी साधन "** भन्नाले नगरपालिका क्षेत्र भित्र चल्ने टाँगा , रिक्सा , अटो रिक्सा , विधुतीय रिक्सा र पावर ट्रिलर लगायतलाई सम्झनु पर्दछ ।

(ठ) **"सवारी पास "** भन्नाले दिएको अधिकार प्राप्त निकायले कुनै सार्वजनिक विदा वा कुनै विशेष समयमा सवारी प्रयोग गर्न लिखित रुपमा दिएको अनुमती पत्र वा निस्सा बुझिन्छ ।

(ड) **"सवारी"** भन्नले यान्त्रिक शक्तिबाट सडकमा चल्ने तीन पाङ्ग्रे साधन सम्झनु पर्दछ ।

(ध) "सवारीको वजन" भन्नाले सवारीको बजन, ईन्जिन, अन्य औजार सहित दर्ता प्रमाणपत्रमा लेखिएको कुल भार क्षमता समेतलाई जनाउँछ ।

(ण) **"सवारी"** भन्नाले तीन पाङ्ग्रे अटोरिक्सा र ईलेक्ट्रिक रिक्सा सम्झनु पर्दछ ।



प्रमुख प्रशासकीय अधिकृत

(ट) **“यातायात सेवा”** भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाँउबाट अर्को ठाँउसम्म यात्रीलाई ओसारपसार गर्ने कार्य सम्झनु पर्दछ ।

(ठ) **“यात्री”** भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्ति सम्झनु पर्दछ ।

(ड) **“यात्रीबाहक सवारी”** भन्नाले यात्रीलाई यातायात सेवा प्रदान गर्ने तीनपाङ्ग्रे सार्वजनिक सवारी सम्झनु पर्दछ ।

(ढ) **“चालक अनुमती पत्र”** भन्नाले सार्वजनिक निकायको अधिकार प्राप्त अधिकारीबाट दिएको चालक अनुमती पत्र सम्झनु पर्दछ ।

**(ण) “चालक”** भन्नाले सवारी चालक अनुमती प्राप्त व्यक्ति सम्झनु पर्दछ ।

(प) **“सुरक्षाकर्मी”** भन्नाले यात्री मालसमान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी सम्झनुपर्छ
फ) **“बीमा”** भन्नाले सवारी, यात्री, चालक तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्ने बीमा सम्झनस पर्दछ ।

(ब) **“सवारी धनी”** भन्नाले सवारी दर्ताको प्रमाणपत्र (ब्लु बुक) मा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य क्नै संगठित संस्था सम्झनु पर्दछ ।

(भ) **“नेपाल प्रहरी”** भन्नाले नेपाल प्रहरी वा प्रदेश प्रहरी सम्झनु पर्दछ ।

(म) **“ट्राफिक प्रहरी”** भन्नाले नेपाल प्रहरी संगठन अर्न्तगत प्रदेश ट्राफिक प्रहरी सम्झनु पर्दछ ।

(य) **“नगर प्रहरी”** भन्नाले कटारी नगरपालिकाबाट नियुक्ति पाएका प्रहरी सम्झनु पर्दछ ।

(र) **“सडक क्षेत्र”** भन्नाले कटारी नगरपालिका भित्रका पक्की तथा ग्रावेल सडक सम्झनु पर्दछ ।

(ल) **“सवारी चलाउने ईलाका”** भन्नाले कटारी नगरपालिका क्षेत्र भित्र रहेका पक्की तथा ग्रावेल सडक क्षेत्र सम्झनु पर्दछ ।
(व) तोकिएको वा तोकिए बमोजिम भन्नाले नगर कार्यपालिाको कार्यालय वा अन्य अख्तियार प्राप्त निकायले निर्धारण गरेको व्यवस्था सम्झनु पर्दछ ।

## परिच्छेद -२
## सवारीसाधन दर्ता र नविकरण सम्बन्धी व्यवस्था

३.**दर्ता गर्नु पर्ने :** (क) नगरपालिका क्षेत्र भित्र रहेको साना सवारी साधनले कार्यालयमा आफ्नो सवारी साधन दर्ताका लागि **अनुसूची-१** को ढाँचामा दर्ता अधिकारी समक्ष निवेदन दिनुप र्नेछ । यसरी निवेदन प्राप्त भए पश्चात दर्ता अधिकारीले ७ दिन पश्चात सवारी धनीलाई **अनुसूची -२** बमोजिमको ढाँचामा दर्ता प्रमाण पत्र दिनु पर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

४. **दर्ता नविकरण** : दफा ३ बमोजिमको दर्ता भएका साना सवारी साधनहरुको सवारी धनीले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सवारी साधन नविकरणका लागि **अनुसूची -३** को ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ । निवेदन प्राप्त भएपछि दर्ता अधिकारीले ३ दिन भित्र नविकरणको प्रमाण पत्र सम्बन्धित सवारी धनिलाई दिनेछ । निर्धारित समय भित्र दर्ता नगर्ने सवारी साधनलाई पहिलो ३ महिना भित्र थप दोब्बर र त्यसपछि तेब्बर दस्तुर लिई दर्ता गरिनेछ ।

५. **दर्ता तथा नवीकरण दस्तुर सम्बन्धि व्यवस्था** : सवारी साधनहरुको दर्ता र नवीकरण दस्तुर कटारी नगरपालिकाको **आर्थिक ऐन , २०७९** मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद - ३
## सवारी साधन प्रयोग सम्बन्धी व्यवस्था

६. **सवारी रुट तोक्न सक्ने** :

(क) कार्यालयले सवारी साधनको आवगमनलाई व्यवस्थित गर्न विशेष क्षेत्र तोकी रुट तथा सवारी आवतजावतको समय तोक्न सक्नेछ ।

(ख) (क) बमोजिम निर्धारण गरिएको रुटमा सवारी साधन चलाउनु पर्ने व्यवस्था पालना नगर्नेलाई तोकिएको जरिवाना लिई कारवाही गरिनेछ ।

(ग) प्रचलित ऐन नियम र व्यवस्थाको पालन गर्नु पर्ने : सबै प्रकारका सवारी धनी तथा सवारी चालकले यातायात सवारी सम्बन्धि ऐन , कानुन र नियमावली निर्देशिकाको अक्षरस पालन गर्नु पर्दछ ।

७.**क्षमता भन्दा बढी यात्रु वा भार बोक्न नपाईने** :

(क) कुनै पनि किसिमको यात्रु बाहक सवारी साधनले सिट क्षमता भन्दा बढी यात्रु ओसार पसार गर्न गर्न पाईने छैन ।

(ख) कुनैपनि किसिमको मालबाहक सवारी साधानले क्षमता भन्दा बढी भए , उक्त मालसामान ढुवानी गर्न पाउने छैन ।

(ग) उपदफा (क) र (ख) को प्रतिकुल हुने गरि सवारी साधन संचालन गरेमा तोकिए बमोजिम जरिवाना वा सजाय हुनेछ ।

८.दफा ७ र ८ को प्रतिकुल गर्ने सवारी धनीलाई वा सवारी चालकलाई **अनुसूची** ४ बमोजिम जरिवाना वा सजाय हुनेछ ।

९. **सडक सुरक्षा सम्बन्धि व्यवस्था** : नगरपालिका क्षेत्रभित्रका सडकहरुको सुरक्षित तवरले प्रयोग गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ । कुनै काबु बाहिरको परिस्थितीमा बाहेक जवरस्ती वा अन्य कुनै अशोभनीय मानवीय गतिविधिबाट वा हेल्चेक्याईले सडक संरचना विग्रेको पाईएमा सम्बन्धित सवारी धनीले सो सडक मर्मत गर्नु पर्नेछ ।

## परिच्छेद - ४
## विविध

१०. **सवारी पास सम्बन्धि व्यावस्था** :

(क) नगरपालिका क्षेत्रभित्र नचलाउन भनी तोकिएको कुनै विशेष समयमा सवारी चलाउनु परेमा कार्यालय बाटै सवारी पास अनिवार्य लिनु पर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

११. **चेक जाँच गरिने** : कार्यालयले नगरपालिकाको जुनसुकै क्षेत्रमा स्थानीय प्रशासनसँग समन्वय गरी सवारी साधन छड्ने चेकजाँच गरिनेछ । यसरी चेक दर्ता यस कार्यविधिमा भएका व्यवस्थालाई उल्घनन गरेको पाईएमा तोकिए बमोजिम जरिवाना असुल उपर गरिने छ ।

१२. **यसै बमोजिम भएको मानिने** : नगरपालिकाको सवारी व्यवस्थापन सम्बन्धमा यस अघि कार्यपालिका वा कार्यापालिकाको समन्वयमा भएको सर्वपक्षिय भेलाका निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

१३. **ट्राफिक संकेतको प्रयोग गर्नुपर्ने** : चालकले सवारी चलाउँदा ट्राफिक संकेतको पालना गरी चलाउनु पर्नेछ ।

१४. **सवारीको विमा गराउनु पर्ने** : सवारी धनी वा व्यवस्थापकले प्रत्येक सवारी र तेस्रो पक्ष विमा समेत गराउनु पर्नेछ ।

कटारी नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१



प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची -१

## कार्यविधिको दफा ३ संग सम्बन्धित

## सवारी साधन दर्ताका लागि सवारीधनीले दिने निवेदनको ढाँचा

मिति ............

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू ,

कटारी नगरपालिका

कटारी,उदयपुर

विषय : सवारी साधन दर्ता गरी पाउँ ।

महोदय,

प्रस्तुत सम्बन्धमा कटारी नगरपालिका वडा नं. .....बस्ने वर्ष ......को म श्री/श्रीमती/सुश्री ..................को स्वामित्वमा रहेका सवारी नं. ........को सवारीसाधन टाँगा/रिक्सा/अटो रिक्सा/ट्रिलर तहाँ कार्यालयमा दर्ताका लागि तपसीलको कागजात संलग्न गरि दर्ताका लागि यो विवेदन पेश गरेको छु ।

श्रीमानको जो आदेश

**संलग्न कागजाताहरु**

१. नेपाली नगरिकताको प्रमाण पत्रको प्रतिलिपी

२. पासपोर्ट साईजको फोटो २ प्रति

३. सवारी साधनको ब्लुबुकको प्रतिलिपी

निवेदक

नाम :

ठेगाना :

सम्पर्क नं.

मिति :



प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची -२

### कार्यविधिको -३ संग सम्बन्धि,त सवारी दर्ता प्रमाण पत्र

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी,उदयपुर
प्रदेश नं. १ नेपाल
सवारी दर्ता प्रमाण -पत्र

| | |
|---|---|
| सवारी साधानको किसिम<br><br>सवारी साधनको दर्ता नम्बर<br><br>सवारी साधनको ईन्जिन नम्बर<br><br>सवारी साधनको चेसिस नम्बर | सवारी साधन धनीको फोटो<br><br><br><br>सवारी धनीको<br>नाम :<br>ठेगाना :<br>नागरिकता नं. : |

सवारी साधन दर्ता मिति

वहाल रहने अवधि

कटारी नगरपालिका राजपत्र

नवीकरणको विवरण

| क्र.सं. | सवारी साधानको किसिम र नाम | नवीकरण भएको मिति | दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही र न.पा.को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

कटारी नगरपालिका राजपत्र



प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची –३

## कार्यविधिको दफा ४ संग सम्बन्धित

## सवारीसाधन नवीकरणका लागि सवारीधनीले दिने निवेदनको ढाँचा :

मिति

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू ,

कटारी नगरपालिका

कटारी,उदयपुर

विषय : सवारी साधन नवीकरण गरी पाउँ ।

महोदय,

प्रस्तुत सम्बन्धमा कटारी नगरपालिाका वडा नं. .....बस्ने वर्ष ......को म श्री/श्रीमती/सुश्री .................को स्वामित्वमा रहेका सवारी नं. ........को सवारीसाधन टाँगा/रिक्सा/अटो रिक्सा/ट्रिलर कार्यालयको नियम अनुसार नवीकरण गरिदिन हुन तपसीलको कागजात संलग्न गरि दर्ताका लागि यो विवेदन पेश गरेको छु ।

श्रीमानको जो आदेश

**संलग्न कागजाताहरु**

१. दर्ता प्रमाण-पत्रको प्रतिलिपी

२. सवारी साधनको ब्लुबुकको प्रतिलिपी

सवारी धनीको नाम :

ठेगाना :

सम्पर्क नं.

मिति :

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची -४

**कार्यविधिको दफा ९ सँग सम्बन्धित जरिवाना सम्बन्धि व्यवस्था**

१. निषेधित समयमा बजार क्षेत्रभित्र सवारी चलाएमा रु.५००।-

प्रमाणीकरणमिति २०७९/०५/२८

आज्ञाले
अनिल किराती
प्रमुख प्रशासकिय अधिकृत

कटारी नगरपालिका राजपत्र

प्रमुख प्रशासकीय अधिकृत